# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ८) घ्याङलेख, असार ३१ गते, २०८१ साल (अतिरिक्ताङ्क ०२

## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

## सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ साल ऐन नं. ०२**

घ्याङलेख गाउँपालिका

## घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावना :** घ्याङलेख गाउँपालिका, सिन्धुली २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम घ्याङलेख गाउँपालिका, गाउँ सभाले यो ऐन बनाएको छ।

१। संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम **"घ्याङलेख गाउँपालिका, सिन्धुलीको विनियोजन ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२। **परिभाषा :**

क) **"गाउँ सभा"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ख) **"कार्यपालिका"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) **"वडा समिति"** भन्नाले घ्याङलेख गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ) **"विषयग शाखा"** भन्नाले घ्याङलेख गाउँपालिका अन्तरगतको शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनीक ईकाइ समेतलाई सम्झनु पर्दछ।

ङ) **"सञ्चित कोष"** भन्नाले घ्याङलेख गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३। **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

४। (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४४,६५,९४,९६२।०० (**अक्षेरुपी:** रुपैयाँ चवालिस करोड पैंसठ्ठी लाख चौरान्नब्बे हजार नौ सय बैसठ्ठी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**५। विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त घ्याङलेख गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

## आ.व. २०८१/०८२ को लागि गाउँ सभाको १५ औं अधिवेशनमा प्रस्तावित एकीकृत आय/व्ययको विवरण

| आय | | | व्यय | |
|---|---|---|---|---|
| **क्र.स** | **कार्यक्रम तथा बजेट** | **रकम रु.** | **कार्यक्रम तथा बजेट** | **रकम रु.** |
| १ | संघीय सरकार, नेपाल सरकार, समानिकरण अनुदान, नगद अनुदान | ६,९५,००,०००।०० | गाउँपालिका स्तरिय योजना र कार्यक्रमहरु | १७,४८,३४,९६२।०० |
| २ | संघीय सरकार, नेपाल सरकार, शसर्त अनुदान चालु, नगद अनुदान | १३,६२,१५,०००।०० | महिला तथा बालबालिका | ५,००,०००।०० |
| ३ | संघीय सरकार, नेपाल सरकार, शसर्त अनुदान पुँजीगत, नगद अनुदान | ६३,००,०००।०० | न्यायिक समिति | १०,००,०००।०० |
| ४ | संघीय सरकार, नेपाल सरकार, समपुरक अनुदान पुँजीगत, नगद अनुदान | १,१५,००,०००।०० | खानेपानी तथा सरसफाई | ५,००,०००।०० |
| ५ | प्रदेश सरकार, बागमती प्रदेश, समानिकरण अनुदान, नगद अनुदान | ५९,८०,०००।०० | घ्याङलेख गाउँपालिका (कृषि/पशु शाखा) | १,३०,००,०००।०० |
| ६ | प्रदेश सरकार, बागमती प्रदेश, शसर्त अनुदान चालु, नगद अनुदान | १,६६,६०,०००।०० | घ्याङलेख गाउँपालिका (शिक्षा शाखा) | ६७,८५,०००।०० |
| ७ | प्रदेश सरकार, बागमती प्रदेश, शसर्त अनुदान पुँजीगत, नगद अनुदान | १,५०,००,०००।०० | घ्याङलेख गाउँपालिका (स्वास्थ्य शाखा) | ९०,००,०००।०० |
| ८ | प्रदेश सरकार, बागमती प्रदेश, विषेश अनुदान | ८०,००,०००।०० | घ्याङलेख गाउँपालिका वडा नं. १ | ५२,५०,०००।०० |

घ्याङलेख गाउँपालिका

| आय | | | व्यय | |
|---|---|---|---|---|
| **क्र.स** | **कार्यक्रम तथा बजेट** | **रकम रु.** | **कार्यक्रम तथा बजेट** | **रकम रु.** |
| | पुँजीगत, नगद अनुदान | | | |
| ९ | प्रदेश सरकार, बागमती प्रदेश, समपुरक अनुदान पुँजीगत, नगद अनुदान | १,६५,५०,०००।०० | घ्याङलेख गाउँपालिका वडा नं. २ | ५२,५०,०००।०० |
| १० | प्रदेश सरकार, राजस्व बाँडफाँड, नगद | २,१९,६१,७००।०० | घ्याङलेख गाउँपालिका वडा नं. ३ | ५२,५०,०००।०० |
| ११ | राजस्व बाँडफाँड स्थानीय, राजस्व बाँडफाँड, नगद | ३१,००,०००।०० | घ्याङलेख गाउँपालिका वडा नं. ४ | ६७,५०,०००।०० |
| १२ | संघीय सरकार, राजस्व बाँडफाँड, नगद | ८,०२,००,०००।०० | घ्याङलेख गाउँपालिका वडा नं. ५ | ५७,५०,०००।०० |
| १३ | अन्तरिक श्रोत, सडक बोर्ड, आन्तरिक श्रोत, नगद | २५,००,०००।०० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १४,२५,१५,०००।०० |
| १४ | अन्तरिक श्रोत | ५,३१,२८,२६२।०० | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | १,१५,००,०००।०० |
| १५ | | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ३,१६,६०,०००।०० |
| १६ | | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ८०,००,०००।०० |
| १७ | | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १,६५,५०,०००।०० |

| आय | | | व्यय | |
|---|---|---|---|---|
| क्र.स | कार्यक्रम तथा बजेट | रकम रु. | कार्यक्रम तथा बजेट | रकम रु. |
| | | | (समपुरक अनुदान) | |
| १८ | | | सडक बोर्ड नेपाल | २५,००,०००।०० |
| जम्मा | | ४४,६५,९४,९६२।०० | | ४४,६५,९४,९६२।०० |

**प्रमाणीकरण मिति :- २०८१।०३।३१**

**आज्ञाले,**

**दाताराम प्याकुरेल**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका